**नेपाल सरकार**

**शिक्षा तथा खेलकुद मन्त्रालय**

# सरकार गठनका १०० दिनका अवधिमा सम्पादित कार्य र प्राप्त उपलब्धि विवरण

(मिति २०८२।१२।१३ देखि २०८३।०३।१९ गतेसम्म)

मिति: २०८३/०३/१७

| क्र. सं. | कार्य सम्पादन विवरण |
|---|---|
| | **१००-बुँदे सूचक अन्तर्गतका उपलब्धि** |
| १ | Delivery-Based Governance अवधारणा अनुसार माध्यमिक शिक्षा परीक्षा (SEE) को **नतिजा** परीक्षा सम्पन्न भएको एक महिनाभित्र, कक्षा १२ को ४० दिनभित्र र विश्वविद्यालयहरूमा ६५ दिनभित्र नतिजा प्रकाशन गर्ने अभ्यास प्रारम्भ गरिएको। |
| २ | एनओसी (NOC) सिस्टममा सवलीकरणका लागि TU तथा KU सँग API link स्थापना गरिएको। **NOC अनलाइन प्रणाली र NIN बिच डेटा पहुँचको लागि अन्तर-आवद्धता**को तयारी पूरा भएको। बिदाको दिनमा समेत वैदेशिक अध्ययन अनुमति-पत्र र शैक्षिक प्रमाणीकरणको सेवा सम्बन्धी कार्य सूचारू गर्ने प्रणाली थालनी गरिएको। |
| ३ | जेन्जी आन्दोलनबाट प्रभावित परिवार र नागरिकहरूलाई सरकारी, सार्वजनिक र निजी क्षेत्रमा रोजगारीका अवसर, सीप, विकास, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रबाट नियमित कार्यक्रम मार्फत् तालिम व्यवस्थाका लागि कार्ययोजनासहित ७६ जनभन्दा बढी त्यस्ता **नागरिकका लागि लक्षित कार्यक्रम** कार्यान्वयन प्रारम्भ भएको। |
| ४ | **विभिन्न आयोगका प्रतिवेदनहरू**को सूचीकरण तथा संकलन गरी कार्यान्वयन चालू गरिएको। त्रिभुवन विश्वविद्यालयको जग्गा खोज तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ कार्यान्वयन कार्यान्वयन सुरू भएको। नेपाल संस्कृत, मध्यपश्चिम, सुदूरपश्चिमलगायतका विश्वविद्यालयहरु,रा.खे.प., नेपाल स्काउट, राष्ट्रिय परिक्षा बोर्ड, शिक्षा तथा मानवश्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रसँग सम्बन्धित कार्यदलहरुका प्रतिवेदनहरु कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाईएको। |
| ५ | सेवा प्रवाह प्रक्रिया पुनर्संरचना **बिजनेस प्रोसेस रिइन्जिनियरिङ (BPR)** सम्बन्धी मार्गदर्शन बमोजिम प्रतिवेदन तयार गरिएको र प्रमुख कार्य सम्पादन सूचकहरु (**KPIs**) को प्रारम्भिक मस्यौदा तयार भएको। गुनासो व्यवस्थापनका लागि लागि **हेल्प डेक्सको स्थापना** गरिएको। **डिजिटल सिग्नेचरको** भेरिफिकेसन गर्ने **तथा GIOMS** को काम सम्पन्न भएको। |
| ६ | शिक्षा क्षेत्रमा रहेको **दलीय हस्तक्षेप हटाउन**को लागि सबै विश्वविद्यालयहरुमा विद्यार्थी संगठनले प्रयोग गर्ने गरी भवन जमिन उपलब्ध नगराउने, भौतिक संकेत हटाइएको। काठमाण्डौं विश्वविद्यालयबाट Student Council सम्बन्धी कार्य सुचारू भैसकेको। |
| ७ | चालू शैक्षिक सत्रदेखि नेपाल सरकार. शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत क्यालेण्डर अनुसार शैक्षिक कार्यक्रम सञ्चालनको प्रणाली लागू भएको। साथै स्वच्छ र प्रतिस्पर्धात्मक सिद्धान्तका आधारमा सबै **विश्वविद्यालय र सबै स्वायत्त निकायहरूमा पदाधिकारी छनोटको काम अन्तिम चरण**मा पुगेको। |
| ८ | चालू शैक्षिक सत्रदेखि शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कन प्रणालीलाई अवलम्वन गरी सिकाइ सुनिश्चिता गर्न र आधारभूत तहका तल्ला कक्षाका विद्यार्थीलाई आवधिक परिक्षाबाट सिर्जना हुनसक्ने |

| | |
|---|---|
| | मनोवैज्ञानिक त्रास हटाउन कक्षा ५ सम्म निरन्तर मूल्याङ्कन प्रणालीको अवलम्वन गरिएको छ। यसको सहजीकरणका लागि आधारभूत तह **कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०८३** लागू गरिएको। |
| ९ | विविध कारणले **जन्मदर्ता प्रमाणपत्र** प्राप्त गर्न नसकेका बालबालिकाकाका हकमा स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाइएको। |
| १० | शिक्षकको सिटरोल दर्ता तथा अवकाशपश्चातका सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक वर्षदेखि सुलभ तुल्याउन राष्ट्रिय किताबखाना (शिक्षक) द्वारा **E-Pension Card** का लागि **आधार र प्रक्रिया कार्यविधि स्वीकृत** भएको र। E-Pension प्रयोजनका लागि Software update को कार्य भइरहेको। |
| ११ | विद्यार्थीलाई **स्नातकसम्मको अध्ययन गर्न नागरिकता नचाहिने** व्यवस्थाका लागि विश्वविद्यालय अनुदान आयोग मार्फत विशेष कार्यविधि जारी गर्ने व्यवस्था मिलाइएको। |
| १२ | शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट UNICEF को प्राविधिक सहयोगमा IDMC सँग समन्वय गरी एकीकृत शैक्षिक व्यवस्थापन **सूचना प्रणालीको क्षमता विस्तार** भई २ वर्षका लागि सुनिश्चित गरिएको |
| १३ | **सिकाई चौतारी Apps** निर्माण गरी ३६२८९ जना शिक्षकलाई अनलाईन अभिमुखीकरण प्रदान गरिएको, २२०७५० जना पोर्टल युजर रहेका र ४५६८२६ जनाले App Installed गरेको। |
| १४ | विभिन्न खेलका प्रशिक्षक र विभिन्न खेलका प्रशिक्षक र स्वयंसेवक तथा विभागीय प्रशिक्षकहरु गरी जम्मा ३० जना गरी जम्मा ६० जनालाई **प्रशिक्षक प्रशिक्षण तालिम** प्रदान गरी दुवै ग्रुपबाट उत्कृष्ट प्रशिक्षार्थी मध्ये ८/८ जना गरि १६ जना प्रशिक्षार्थीलाई माइक्रोसाइकल डिजाइन वर्कसव कार्य उल्लेखित निर्धारित समयमा सम्पन्न गरिएको। |
| १५ | राष्ट्रिय खेलकुद परिषद् र वीर हस्पिटलवीच भएको खेलाडी, खेलाडीका परिवार र कर्मचारीको उपचार सम्बन्धी संझौता बमाेजिम खलाडी-२२, प्रशिक्षक-२ र कर्मचारी -३ गरी जम्मा २७ जनालाई **स्वास्थ्य उपचारको लागि सिफारिस** गरिएको। |
| १६ | **राखेप अन्तर्गत खेलाडीहरुको उच्च क्षमता अभिबृद्धिका लागि राष्ट्रिय टिमका प्रशिक्षक र फिटनेश ट्रेनर अन्तरगत** ६ खेलका राष्ट्रिय टिमका २/२ जना प्रशिक्षाक १२ जना र १ जना फिटनेश ट्रेनर गरि १३ जनालाई **खेल विज्ञान तालिम** संचालन गरिएको**।** |
| **१००-बुँदे सूचकभन्दा बाहेकका उपलब्धि** | |
| १७ | त्रिभुवन विश्वविद्यालयमा ४०० जना प्राध्यापकहरु अध्ययन विदामा गएर तोकिएको समयमा नफर्केको अवस्थामा कारबाही स्वरुप रु. २ अर्ब राजश्व फिर्ता हुनुपर्नेमा लगभग १३ करोड **राजस्व फिर्ता** भइसकेको। |
| १८ | हेलो सरकार अन्तर्गत २१२ **उजुरी तथा गुनासो** प्राप्त भएकोमा सबै फछ्र्यौट गरिएको । ४० हजार ४१३ जनालाई NOC प्रदान गरिएको १२२१० जनाको शैक्षिक **प्रमाणपत्र प्रमाणीकरण** गरिएको, ५६ विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित शिक्षण संस्थाको अनुगमन गरी विद्यार्थीको आवश्यकता अनुसार पठनपाठन सञ्चालनको प्रणाली थालनी गरिएको। |
| १९ | सूचनाको सार्वजनिक पहुँचका लागि शैक्षिक सूचना २०८२ प्रकाशन गरिएको तथा नेपालमा अनुसन्धान प्रतिवेदनहरूको समीक्षात्मक तथा विश्लेषणात्मक संस्करणको समष्टिगत प्रतिवेदन तयार गरिएको। |
| २० | कक्षा-१० को ६२९ र कक्षा-१२ का १००३ गरी जम्मा १६३२ जनालाई समकक्षता प्रदान गरिएको। विद्यालय शिक्षाको कक्षा १० र कक्षा १२ को अनलाइनमा आधारित **समकक्षता प्रमाणपत्र वितरण प्रणाली**लाई चुस्त दुरूस्त बनाई तोकिएका कागजात पुगेका सेवाग्राहीका हकमा आवेदन दिएकै दिन समकक्षता प्राप्त गर्ने। |

| | |
|---|---|
| २१ | संघीय तहबाट कक्षा- ३, कक्षा ५, कक्षा-८ र कक्षा-१० को सिकाइ उपलब्धि परीक्षण गर्ने र परीक्षण प्रणालीलाई सुधार-केन्द्रीत हुने गरी **NASA Policy Guideline** तयार गरी त्यसका आधारमा NASA Assessment Framework विकास गरिएको । |
| २२ | विद्यालय शिक्षाका लागि राष्ट्रिय गुणस्तरीय मापदण्ड ढाँचा (National Framework of Quality Education) दस्तावेज तयार गरिएको । |
| २३ | चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र, छात्रवृत्ति प्रबन्ध, शुल्क निर्धारण र कार्य सञ्चाल प्रणालीका मामलामा विस्तृत अध्ययनका लागि बृहत् **अनुसन्धान सञ्चालन गरिएको ।** |
| २४ | सहकार्यात्मक शैक्षिक उपाधि (**Joint and Dual Degree Program**) कार्यक्रम सम्बन्धमा नियमावली स्वीकृत भई सबै विश्वविधालयहरूलाई कार्यान्वयनका लागि पठाईएको । |
| २५ | राजनीतिक नियुक्ति अन्तर्गत पदपूर्ति भएका मूलत: सबै विश्वविद्यालयका पदाधिकारीहरूको पदमुक्ति पश्चात तत्काल कामचलाउ प्रबन्ध मिलाई दैनिक कामकाजलाई निरन्तर गरिएको । |
| २६ | विद्यालय, उच्च शिक्षा तथा प्राविधिक तथा व्यावसायिक तालिममा क्षेत्रमा विशेष सुधारका प्याकेज सहित आगामी वर्षको नीति तथा कार्यक्रम र वार्षिक बजेट स्वीकृतिको प्रबन्ध सम्पन्न भएको । साथै यसका लागि आवश्यक ऐन तथा नियमावली मस्यौदाको कार्य अन्तिम चरणमा रहेको । |
| २७ | आगामी आर्थिक वर्षदेखि मूलत: विद्यालय शिक्षा र TVET क्षेत्रमा विशेष सुधारका परियोजना तयारी र कार्यान्वयनका लागि विभिन्न दातृ निकायसँग विशेष सहकार्य गरी दीर्घकालीन आयोजना तर्जुमाको कार्य चालू गरिएको । |
| २८ | विद्यालय शिक्षालाई सिकाइमुखी, गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउन पाठ्यक्रम, मूल्याङ्कन र प्रमाणीकरण प्रणाली सुधार गर्न विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिमार्जन कार्य प्रारम्भ भएको छ । |
| २९ | विद्यालय तहका विद्यार्थीको वृत्ति मार्गनिर्देशन सेवा (career guidance service) सञ्चालनका लागि निर्देशिका तयार गरिएको । |
| ३० | कक्षा ५ को राष्ट्रिय सिकाइ उपलब्धि परीक्षण, २०० जना प्रधानाध्यापकको नेतत्व कार्यसम्पादन परीक्षण र १०० वटा सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षण सम्पन्न गरिएको । |
| ३१ | विदेशी शिक्षण संस्थाको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई व्यवस्थित गर्न विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ र शैक्षिक परामर्श सेवा सञ्चालन र नियमनको लागि शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ को मस्यौदा तयार गरिएको । |
| ३२ | पश्चिम नेपाल भूकम्पबाट प्रभावित जिल्लामा विद्यालय व्यवस्थापन समिति मार्फत १०८ वटा कक्षाकोठा निर्माण सम्पन्न साथै १७० वटा कक्षाकोठा निर्माण कार्य भैरहेको साथै, बझाङ भूकम्पले क्षति पुगेका विद्यालयहरू मध्ये ९ वटा विद्यालयमा पक्की भवन ( ७३ वटा कक्षाकोठा र छात्रछात्रा शौचालय) निर्माण कार्य साथै जाजरकोट र रूकुम पश्चिम गरी ४८ वटा विद्यालयमा अर्धपक्की (Semi Permanent Type) कक्षाकोठा र शौचालय निर्माण कार्य अन्तिम चरणमा रहेको । |
| ३३ | विभिन्न समयको प्राकृतिक विपद्को कारण क्षति पुगेका विद्यालय कक्षाकोठा निर्माण तथा मर्मत सम्भार अन्तर्गत ३४ वटा विद्यालयमा मर्मत कार्य र ६९ वटा विद्यालयमा दुईकोठे पक्की/ ट्रस भवन निर्माण कार्य अन्तिम चरणमा रहेको । |
| ३४ | विद्यालयहरूको भौतिक पूर्वाधारको लेखाजोखा (Infrastructure Audit) को लागि कार्यविधिको मस्यौदा तयार गरिएको । |
| ३५ | Autism भएका बालबालिकाहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्नको लागि प्रदेशमा स्थापना गरिएका विशेष पूर्वाधारयुक्त विद्यालयको सञ्चालन तथा व्यवस्थापन कार्यविधिको मस्यौदा तयार भएको । |

| | |
|---|---|
| ३६ | विद्यालय बाहिर रहेका बालबालिका (OOSC) को नाम नामेसी सहितको विवरण स्थानीय तहमार्फत IEMIS प्रणालीमा प्रविष्ट गरिएको। |
| ३७ | स्थगित भएको मिसन २०२६ को विशेष प्रशिक्षण २०८३ जेठ १ गतेबाट पारा गेम्स सहित ५ खेल ९ टिमका ५९ खेलाडी तथा प्रशिक्षकहरु समावेश गरी नियमित **विशेष प्रशिक्षण कार्यक्रम** संचालन गरिएको। |
| ३८ | **CAVA Women's Nations League-2025** (2083) ईरान, काजकिस्तान, श्रीलंका, बंगलादेश, भारत, नेपाल, किर्गिस्तान र मालदिब्सको सहभागीतामा जेठ ८ देखि १६ गतेसम्म काठमाडौँमा आयोजना गरिएको। |
| ३९ | सम्माननीय राष्ट्रपतिबाट समुद्घाटित २०८३ जेठ २० देखि २२ गतेसम्म काठमाण्डौमा आयोजना गरिएको **राष्ट्रिय प्रतियोगितामा** एथलेटिक्स, भलिबल, कवड्डी, कराते, तेक्वान्दो र उसु ६ खेलमा सात प्रदेशबाट जम्मा ६८६ खेलाडीको सहभागिता रहेको, तेक्वान्दो र कराँतेका प्रतियोगिताहरु सातदोबाटो, ललितपुरमा र अन्य प्रतियोगिताहरु एवं समुद्घाटन र समापन गरिएको। |
| ४० | गल्फ, टेनिस, साइक्लिङ्ग, कराते, शुटिङ्ग, पौडी, डोरीतान, एथलेटिक्स, तेक्वान्दो, टेवल टेनिस, पेन्ट्राथलन, स्क्वास, आइटिएफ, कबड्डी, हक्की, चेस, बक्सिङ्ग, क्रिकेट लगायत खेलका राष्ट्रिय संघहरुबाट **राष्ट्रिय स्तरका प्रतियोगिताहरुको आयोजना** गरि सम्पन्न गरिएको। |
| ४१ | **ACC Women's Premier Cup 2026**, Asian Games Women's Qualifier 2026 SAFF Women's Championship लगायत अन्य आमन्त्रित प्रतियोगिताहरु सहित ४७ वटा प्रतियोगिता तथा कार्यक्रमहरुमा वैदेशिक सहभागिता जनाइएको। |
| ४२ | नेपाल स्काउटले सशस्त्र प्रहरी बल नेपाल सिमा सुरक्षा तालिम शिक्षालय, बर्दघाट, नवलपरासीमा ७० जना स्काउटरको लागि विपद ब्यबस्थापन तालिम प्रदान गरेको विभिन्न राष्ट्रिय दिवसहरुमा, मेला पर्बहरुमा, तथा जनासचेतानामुलक कार्यक्रमहरुमा ५८०६ जना स्काउट स्वोयम्सेबकहरु परिचालन गरेको र ३३८ जनाको लागि स्काउट तालिम प्रदान गरेको छ। |

**समग्र उपलब्धि:**

1. आम नागरिकमा सुशासनको महशुस हुनेगरी प्रणालीगत सुधार र सेवाको स्वरुपमा नौलो आयामको थालनी भएको।
2. शिक्षा र खेलकुदका क्षेत्रमा दीर्घकालीन प्रभाव राख्ने नीतिगत तथा योजनागत तयारी प्रारम्भ भएको।
3. सरकारको सेवा प्रवाह प्रणालीमा नागरिकको चासो एकीकृत भएको, गुनासो न्यूनीकरण भएको तथा राज्यको शासकीय प्रयासउपर विश्वासनियतामा ह्वात्तै बढोत्तरी आएको।

…………..

o